राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ भदौ २२

## स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा आयोगको चासो

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा सरसफाई तथा स्वच्छ वातावरणको समस्याका कारण सर्वसाधारणको स्वास्थ्यमा पर्न गएको असरप्रति चासो व्यक्त गर्दै मिति २०७५ भदौ २४ गते सरकारी निकायका प्रमुखहरुसँग छलफल गर्दैछ।

नेपालको संविधान (२०७२) को धारा ३५ (४) ले प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक एवं धारा ३० (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकका साथै प्रदुषणबाट हुने क्षति वापत पीडितलाई क्षतिपूर्ति पाउने हकको समेत व्यवस्था गरेको छ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न हुने उक्त छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्या प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सचिवहरु, काठमाडौं र ललितपुर महानगरपालिका एवं भक्तपुर नगरपालिका प्रमुखहरु लगायतको उपस्थिति रहने कार्यक्रम रहेको छ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org